# मकालु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तुम, संखुवासभा
१ नं प्रदेश, नेपाल

प.सं. ०७७/७८

मिति : २०७७/०५/१५

विषय : पून : करार सेवा पदपूर्ति सम्बन्धि सूचना ।

दोस्रो पटक प्रकाशित मिति २०७७/०५/१५

यस मकालु गाउँपालिकाका लागी निम्न पदमा करार नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको १५ दिनभित्र रित पुर्वकको दरखास्त पेश गर्नुहुन सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | सेवा/समुह | तह/श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १००१/०७७/७८ | मेडिकल अफिसर | नेपाल स्वास्थ्य / ज.हे.स. | अधिकृत आठौं | १ | रिक्त दरबन्दिमा १६, आधारभुत स्वास्थ्य केन्द्रको लागि २ जना र ल्या.अ. १ जना मकालु स्वा.चौ. |
| १००२/ ०७७/७८ | हेल्थ असिष्टेण्ट | स्वास्थ्य/हे.ई. | स. पाँचौ | २ | |
| १००३/ ०७७/७८ | स्टाफ नर्स | स्वास्थ्य/प.हे.न. | स. पाँचौ | १ | |
| १००४/ ०७७/७८ | अ.हे.व. | स्वास्थ्य/हे.ई. | स.चौथो | ८ | |
| १००५/ ०७७/७८ | अ.न.मी. | स्वास्थ्य/प.हे.न. | स.चौथो | ६ | |
| १००६/ ०७७/७८ | ल्याब असिस्टेण्ट | स्वास्थ्य/मे.ल्या.टे. | स.चौथो | १ | |

- **दरखास्त दिने अवधि** : २०७७/०५/१५ देखि २०७७/०५/२९ सम्म , दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन ।
- **दरखास्त दिने स्थान** : मकालु गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,नुम , स्वास्थ्य शाखा ।
- **दस्तुर** : अधिकृत स्तरको लागि रु १००० र सहायक स्तरको लागि रु ६०० मात्र
- आवेदकले मकालु गाउँपालिका, गाउँ कार्यपालिकाको संचित कोष खाता नं. ०२६१५१३५८१७ सिदार्थ बैंक , नुममा बुझाएको भौचर वा गाउँपालिकाको राजश्व शाखाको नगदी रसिद सक्कलै संलग्न राख्नु पर्नेछ ।
- **परिक्षाको किसिम** : लिखित र मौखिक
- **परिक्षाको मिति** : दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट सम्पर्क मितिमा तोकिने छ ।
- **पारिश्रमिक तथा अन्य सुविधा** : गाउँपालिकाको करार सम्झौतामा उल्लेख भए बमोजिम ।
- **काम गर्नुपर्ने स्थान** :मकालु गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा , सामुदायिक स्वास्थ्य इकाई र आधारभूत स्वास्थ्य केन्द्र ।

**योग्यता र अनुभव :**

१. नेपाली नागरिक । २. न्युनतम योग्यता

**मेडिकल अधिकृतका लागि** :नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS कोर्ष उत्तिर्ण गरेको र NMC मा दर्ता भएको ।

**हे.अ. पदका लागि** : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट हे.अ. कोर्ष उत्तिर्ण गरेको र नेपाल स्वास्थ्य व्यबसायी परिषद्मा दर्ता भएको ।

**अ.हे.व. पदका लागि** : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा हे.अ. कोर्ष उत्तिर्ण गरेको र नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको ।

**अ.न.मी. पदका लागि** : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी कोर्ष वा स्टाफ नर्स उत्तिर्ण गरेको र नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको ।

३. सम्बद्ध कार्यमा अनुभव प्राप्त स्थानीय / जिल्लाबासी व्यक्तिलाई प्राथमिकता दिइने छ ।

४. १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।

५. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

६. दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु : उमेदवारको व्यक्तिगत विवरण , शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि , नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि , कार्य अनुभवको प्रमाणपत्र प्रतिलिपि प्रचलित नेपाल कानुन बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । साथै म्याद नाघी वा रितपुर्वक नआएमा आवेदन उपर कारबाही हुने छैन ।

७. सूचना सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ , अन्य जानकारीका लागि मकालु गाउँपालिकाको स्वास्थ्य शाखाको फोन नं. ९८६२१३५९७० , ९८४३१२१४२५ मा सम्पर्क गर्न सकिनेछ ।

मकालु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय , नुम , संखुवासभा